## तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ४) तिलोत्तमा, असोज महिना ५ गते २०७७ साल (संख्या ९**


**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७७ सालको कार्यविधि नं. ६

## कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

**प्रस्तावनाः** भूमिको बढ्दो खण्डीकरण एंव जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका साथै भूमिको समूचित प्रयोगमा जोड दिदै व्यवसायिक कृषि मार्फत रोजगारी सिर्जना, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न वान्छनीय भएकोले तिलोत्तमा नगरपालिकाको केहि कानुन तर्जुमा गर्न वनेको ऐन, २०७४ को दफा ३ बमोजिम नगरपालिकाले जग्गा चक्लाबन्दी मार्फत व्यवसायिक खेतीलाई प्रवर्द्धन गर्नका लागि यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"तिलोत्तमा नगरपालिकाको चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) **"कार्यक्रम"** भन्नाले चक्लावन्दी खेती प्रोत्साहन कार्यक्रम वा चक्लावन्दी प्रवर्द्धनमा आधारित यस्तै प्रकृतिका कार्यक्रम सम्झनु पर्दछ ।

(ख) **"चक्लाबन्दी"** भन्नाले कृषियोग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन स-साना कित्तामा छरिएर रहेका जग्गाहरुलाई एकिकृत गरि कृषिमा आधारित व्यवसायिक परियोजना सञ्चालन गर्ने प्रकृया सम्झनु पर्दछ ।

(ग) **"आवेदक"** भन्नाले चक्लावन्दी कार्यक्रम सञ्चालनका लागि आवेदन दिएका जग्गाधनीहरुको समूह, कृषक समूह, कृषि सहकारी र कृषि उद्यमी सम्झनु पर्दछ ।

(घ) **"लाभग्राही"** भन्नाले चक्लाबन्दी गर्नको लागि छनौट भएका आवेदकलाई जनाउँदछ ।

(ङ) **"नगरपालिका"** भन्नाले तिलोत्तमा नगरपालिकालाई सम्झनु पर्दछ ।

(च) **"समिति"** भन्नाले दफा ९ बमोजिम गठित मूल्याङ्कन समिति भन्ने सम्झनु पर्दछ ।

(छ) **"समूह"** भन्नाले यस कार्यविधि अन्तर्गत रही चक्लावन्दी खेती कार्यक्रम सञ्चालन गर्न विधिवत रुपमा दर्ता/गठन भएको समूह सम्झनु पर्दछ ।

(ज) **"निर्देशक समिति"** भन्नाले दफा ११ को उपदफा १ बमोजिमको समिति सम्झनु पर्दछ ।

## परिच्छेद २

## कार्यक्रमको उद्देश्य र सहयोग सम्बन्धी व्यवस्था

३. **कार्यक्रम सञ्चालनको उद्देश्यः** यस कार्यविधि बमोजिम यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) खेतियोग्य जमिनको अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिई भूमिको जगेर्ना गर्ने र जग्गा बाँझो राख्ने, खण्डीकरण गर्ने प्रवृत्तीलाई निरुत्साहन गर्ने ।

(ख) निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक खेतीतर्फ रुपान्तरण गरी रोजगारीको अवसर सृजना गर्ने

(ग) कृषि उत्पादन तथा व्यवसायिकरण तर्फ सञ्चालन हुने अन्य कार्यक्रमहरुलाई समेत चक्लाबन्दी कार्यक्रमसँग आवद्ध गर्दै लैजाने ।

(घ) कृषि उत्पादनमा वृद्धि गर्ने ।

४. **सहयोगका क्षेत्रः**

(१) चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम अन्तरगत देहायका कार्यका लागि नगरपालिकाबाट सहयोग प्रदान गर्न सकिनेछः

(क) यन्त्र उपकरणको प्रयोग गरी जग्गालाई समथल बनाउने सम्बन्धी कार्य, ब्लकमा सिंचाई, निकास, कुलो निर्माण तथा सिँचाई समाग्री खरिद तथा मेशिनरी खरिद, बाटो आदीको व्यवस्था मिलाउने कार्य ।

(ख) जग्गा भाडामा लिनुपर्ने भए सो वापतको रकम ।

(ग) चक्लाबन्दी पश्चात कृषि उत्पादन कार्यका लागि आवश्यक यन्त्र उपकरण, प्रांगारिक मल, वीउ खरिद आदीका लागि अनुदान ।

(घ) आवश्यक पर्ने कृषि प्राविधिक सहयोग।

(२) माथि उल्लेखित कार्यहरुमा सहयोग प्रदान गर्दा कार्य सम्पादन र व्यवसायीक योजनाको आधारमा उपलब्ध गराईनेछ ।

(३) जग्गाहरुको चक्लाबन्दी गर्ने क्रममा जग्गाहरुको गह्रा सुधार गर्नु पर्ने भएमा सो कार्यका लागि पनि चक्लाबन्दी कार्यक्रममा राख्न सकिनेछ ।

(४) कुन ब्लकमा कस्तो खेती/व्यवसाय संचालन गर्ने विषयमा नगरपालिकाले आवश्यक प्राविधिक सुझाव/निर्देशन गर्न सक्नेछ ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन विधि

५. **कार्यक्रम सञ्चालन गर्ने आधार तथा मापदण्डः** चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि देहायका आधार पुरा भएको हुनुपर्नेछः

(क) कम्तीमा दुई वा दुई भन्दा बढी व्यक्ति, समूह/सहकारी, फर्म वा कम्पनी हुनुपर्ने ।

(ख) दुई वा दुई भन्दा बढी कित्ता भएको व्यक्ति/कम्पनीको जमिन हुनुपर्ने ।

(ग) न्यूनतम १० विगाहा हुनुको साथै कृषि उत्पादन योग्य जमिन हुनुपर्ने ।
*(नोटः एउटै स्थान वा क्षेत्रमा जोडिएर रहेका विभिन्न कित्ताका जग्गाहरुको कुल क्षेत्रफल जोड्दा माथि उल्लेखित क्षेत्रफल नपुग्ने अवस्था भएमा एक आपसमा नजोडिएता पनि नजिकै रहेका दुइवटा स्थान वा क्षेत्रमा भएका विभिन्न कित्ताका जग्गाहरुको कुल क्षेत्रफल जोडेर भएपनि मापदण्ड पुरा गर्न सकिनेछ । तर उक्त दुइ वटा स्थान वा क्षेत्रमा भएका जग्गाहरुमा एकै किसिमको परियोजना संचालन गर्नुपर्नेछ ।)*

(घ) खेतियोग्य भूमिमा प्लानिङ्ग, आवास तथा उद्योगका लागि प्लानिङ्ग गर्न नदिने गरी चक्लाबन्दी गरिएको जग्गाको एक वर्षमा कम्तीमा दुई बाली खेती गर्नुको साथै सो कार्य गर्न कम्तीमा ५ वर्षको प्रतिवद्धता गरिएको हुनुपर्ने ।

(ङ) फलफूल, नगदे वाली तथा घाँसखेती साथै पशुपालनको हकमा बहुबर्षिय हुने ।

(च) हावा पानी सुहाउँदो लामो समयसम्म उत्पादन भैरहने सिउडीफल जस्ता फलफूल, बहुमूल्य जडिबुटी तथा बनस्पती आदिको हकमा १० वर्षभन्दा बढी अवधिको प्रतिवद्धता गरिएको हुने पर्ने

६. **आवेदन आवह्वानः**

(१) कृषि तथा पशुपन्छी उत्पादन कार्यलाई सहज र व्यवस्थित तुल्याउने प्रयोजनका लागि जग्गाको चक्लाबन्दी गर्ने कार्यलाई प्रोत्साहन गर्न नगरपालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान अनुसारको म्याद दिई रेडियो, एफ.एम., पत्रिकामा अनुसूची-१

बमोजिमको सूचना प्रवाह गरिने छ । साथै वडा कार्यालयहरुमा समेत सूचना टाँस्ने व्यवस्था मिलाई सार्वजनिक रुपमा प्रस्ताव आवह्वान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना नगरपालिकाको वेभसाइटमा पनि प्रकाशित गरिनेछ ।

७. **<u>आवेदन संकलन:</u>** यस कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्न चाहने आवेदकले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ६ बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिमा अनुसूची-२ बमोजिमको ढाँचामा नगरपालिका कार्यालयमा दरखास्त दिदा अनुसूची-३ बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

(क) माग आवेदनकर्ताले आफ्नो निवेदनको साथमा आफुले चक्लाबन्दी गर्न चाहेको जग्गाको क्षेत्रफल सहितको जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) को प्रतिलिपी, गत आ.व. को तिरो बुझाएको रसिदको प्रतिलिपी, ब्लुप्रिन्ट नक्सा र ट्रेस नक्सा एंव सवै जग्गाधनीको सहमती भएको अनुसूची-४ बमोजिमको सहमतीपत्र सहित आवेदन दिनुपर्नेछ ।

(ख) जग्गाधनी लालपुर्जा नभएको अवस्थामा सम्वन्धित व्यक्तिले भोगचलन गर्दै आएको वडा कार्यालयबाट प्रमाणीत भएको आधिकारिक प्रमाण पेश गर्नुपर्नेछ ।

(ग) कुनै सामुदायीक विद्यालय, सामुदायीक वन तथा कबुलियती वन जस्ता क्षेत्रहरुको नाममा रहेको जग्गा सम्बन्धित समिति, समूह/सहकारी तथा दुई वा दुई भन्दा बढी व्यक्ति फर्म आदिले संचालन गर्नुपर्ने भएमा कानुनी प्रकृया पुरा गरि आपसी सहमतीमा संचालन गर्न सक्नेछन् ।

(घ) समूह वा संस्थाको हकमा संस्थाको कार्यसमितिको वैठकले चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न चाहेको निर्णयको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।

(ङ) चक्लाबन्दी पश्चात उक्त जमिन कुन प्रयोजनका लागि प्रयोग गरिने हो सो को सुनिश्चितता सहित तोकिएको अवधिको प्रतिवद्धता पत्र समेत आवेदनमा संलग्न गर्नुपर्नेछ ।

(च) प्रस्ताव आवेदकले आफुले संचालन गर्ने कृषि व्यवसायको संक्षिप्त प्रस्ताव समेत संलग्न गर्नुपर्नेछ ।

(छ) सम्बन्धित वडा कार्यालयबाट सिफारिस अनुसूची-५ बमोजिम हुनुपर्नेछ ।

८. **<u>छनौट प्रकृयाः</u>** चक्लाबन्दी गर्ने जग्गाधनीहरुको समूह/कृषि समूह/कृषि सहकारी समूह र कृषि उद्यमीलाई निम्नानुसारको सूचकहरुको आधारमा छनौट गरिनेछः

(क) चक्लाबन्दी गरिने स्थान/क्षेत्रको भौगोलिक अवस्थिति (चक्लाबन्दी गरि प्रत्येक प्लटमा कृषि यन्त्र पुग्ने अवस्थाको कृषि योग्य जमिन)

(ख) पूर्वाधार विकास, बिजुली, सडकको अवस्था,

(ग) जग्गाको क्षेत्रफल (एक आपसमा जोडिएका कित्ताका साथै बढी भन्दा बढी क्षेत्रफल भएको जग्गा)

(घ) सिचाईको उपलब्धता,

(ङ) प्राप्त हुन आएका दरखास्तहरु सम्वन्धित शाखाले १५(पन्ध्र) दिन भित्र प्रारम्भिक मूल्यांकन समिति समक्ष पेश गर्नु पर्नेछ ।

९. **<u>प्रस्ताव मूल्यांकनः</u>**

(१) चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि प्राप्त हुन आएका आवेदनहरुको मूल्यांकन गरी सिफारिस गर्न देहाय बमोजिमको एक मूल्यांकन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| (ख) अमिन, ति.न.पा. | सदस्य |
| (ग) कृषि अधिकृत, ति.न.पा. | सदस्य - सचिव |

(२) प्रस्ताव मूल्यांकन समितिले आवश्यकता अनुसार वैठकमा कृषि सम्वन्धी विज्ञ व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको मूल्यांकन समितिले कार्यविधिमा उल्लेखित मूल्यांकनका आधार एंव आवश्यकता अनुसार स्थलगतरुपमा अवलोकन समेत गरि गराई समिति समक्ष पेश भएको ७ (सात) दिन भित्र निर्देशक समितिमा सिफारिस गर्नुपर्नेछ ।

(४) मूल्यांकन समितिको वैठकभत्ता तथा खाजा खर्च स्वीकृत बजेट तथा कार्यक्रमको विनियोजित रकमबाट खर्च गरिनेछ ।

१०. **कार्यक्रमको स्वीकृतिः**

(१) मूल्यांकन समितिबाट सिफारिस भएको प्रस्ताव उपर निर्देशक समितिले अध्ययन गरी ७ (सात) दिन भित्र स्वीकृति प्रदान गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि निर्देशक समिति समक्ष स्वीकृतिका लागि पेश भएका कार्यक्रम यस कार्यविधि बमोजिम भएको नदेखिएमा सो समितिले उक्त प्रस्ताव मूल्यांकन समिति समक्ष फिर्ता पठाउने वा उपसमिति बनाई पुनरावलोकन गर्न लगाउनेछ ।

११. **निर्देशक समितिको गठनः**

(१) यस कार्यविधि बमोजिमका प्रस्तावहरु स्वीकृत गर्ने तथा सो सम्बन्धमा आवश्यक निर्देशन एंव समन्वयका लागि नगरपालिकामा देहाय बमोजिमको एक निर्देशक समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उप प्रमुख | सदस्य |
| (ग) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) नगर स्तरीय कृषि संजाल समितिको अध्यक्ष | सदस्य |
| (च) कृषि शाखा प्रमुख | सदस्य - सचिव |

निर्देशक समितिमा आवश्यकतानुसार सम्बन्धित विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(२) निर्देशक समितिले स्वीकृत गरेका व्यक्ति, समूह तथा संस्थाको आयोजनाको विवरण सार्वजनिक गराउनेछ ।

(३) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि निर्देशन समितिले आवश्यक देखेका विषयमा यस कार्यक्रम सञ्चालनका लागि छनौट भएको व्यक्ति, समूह तथा संस्थालाई कुनै शर्त, बन्देज तोकी प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

(४) निर्देशक समितिको वैठक तथा खाजा खर्च स्वीकृत बजेट तथा कार्यक्रमको विनियोजित रकमबाट खर्च गरिनेछ ।

## परिच्छेद ४
## कार्यक्रम सञ्चालन

१२. **जानकारी दिनु पर्नेः**

(१) निर्देशक समितिबाट स्वीकृत भएका प्रस्तावको सम्बन्धमा सम्बन्धित पक्षलाई ७ (सात) दिन भित्र जानकारी दिनु पर्नेछ साथै जानकारी पाएको मितिले ७ दिन भित्र सम्पर्क राखि अनुसूची-६ बमोजिम सम्झौता गर्नुपर्नेछ ।

(२) तोकिएको समयमा सम्झौता गर्न नआएमा सो भन्दा पछिका पक्षसँग संझौता हुनेछ ।

१३. यस कार्यविधि बमोजिम नगरपालिका कार्यालयले कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्दा देहायका शर्तहरु समेत पालना गर्ने गरी तोकिएको समायवधि भित्र तोकिएको ढाँचामा सम्झौता गर्नुपर्नेछः

क) चार किल्ला भित्रको चक्लाबन्दी स्थलको नापी नक्शा संकलन गरी आधार नक्शा तयार गर्नुपर्नेछ । यस कार्यमा नगरपालिकाबाट आवश्यक प्राविधिक सहयोग गरिनेछ ।

(ख) चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको क्षेत्रको तोकिएको अवधिसम्म अंशवण्डाको हकमा बाहेक कित्ताकाट गर्न पाइने छैन । कित्ता काट गर्नुपर्ने अवस्था आएमा जमिनको उपयोगमा वाधा नआउने प्रतिवद्धता गर्नुपर्नेछ ।

(ग) खेतीयोग्य भूमिको जगेर्ना गर्ने र अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने सुनिश्चितता गर्नुपर्नेछ।

(घ) चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिएकोजमिनमा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका साथै अन्यबाली वा तरकारी खेतीको हकमा एक वर्षभित्र कम्तीमा दुई बाली लगाउने शर्त मन्जुर गरिएको हुनुपर्नेछ ।

## परिच्छेद ५

## कार्यक्रम अनुगमन मूल्यांकन तथा प्रतिवेदन

१४. **अनुगमन तथा मूल्यांकन गर्नेः** चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको क्षेत्रहरुमा संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन नगरपालिका तथा मात

१५. हतका वडा कार्यालयहरुबाट नियमित रुपमा गर्नुपर्नेछ ।

१६. **प्रतिवेदन तयार गर्नेः** सम्झौता बमोजिमसञ्चालित कार्यक्रमहरुको चौमासिक र वार्षिक रुपमा अनुगमन मूल्यांकन गरि सोको प्रगति प्रतिवेदन तयार गरि नगरपालिकाको सम्बन्धित शाखाले कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

१७. **होर्डिङ बोर्ड राख्नेः** कार्यक्रम संचालन सम्बन्धी विवरण विस्तृत रुपमा झल्किने गरी लाभग्राहीले अनुसुची ७ मा उल्लेख भएबमोजिमको होर्डिङबोर्ड राख्नुपर्नेछ ।

## परिच्छेद ६

## विविध

१८. **आर्थिक सहयोग रोक्का गर्न सक्नेः** सम्झौता अनुरुप काम नगर्ने लाभग्राहीलाई नगरपालिका कार्यालयले अनुदान रकम रोक्न सक्नेछ ।

१९. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ साथै यस कार्यविधिको कार्यान्वयनमा केहि बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा कुनै विषयलाई थप स्पष्ट वा प्रभावकारी बनाउनुपर्ने भएमा अन्तिम निर्णय गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

२०. **बचाउः** यस अघि नगरपालिकाबाट भएका यस कार्यविधिसँग मिल्दा कार्यक्रमहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**अनुसूची - १**
**(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)**
**तिलोत्तमा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, मणिग्राम, रुपन्देही ।**

**प्रस्ताव आव्हानको सूचना**

यस नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार जग्गाको विभिन्न कित्ताहरुको एकिकरणबाट जग्गाको चक्लाबन्दी गरि कृषि उत्पादनकार्य व्यवसायिक रुपमा संचालन गर्नका लागि इच्छुक व्यक्तिहरुको समूह,सहकारी संस्था, कृषि उद्यमी, कृषि व्यवसायी, कृषक समूहहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन अनुरोध गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।प्रस्तावपत्र र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधि नगरपालिकाको वेबसाइट tilottamamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**अनुसूची २**
**(दफा ७ सँग सम्बन्धित)**

**<u>दरखास्तको ढाँचा</u>**

मितिः ................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
तिलोत्तमा नगरपालिका, रुपन्देही ।

**विषयः चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गरिएको सम्बन्धमा ।**

तिलोत्तमा नगरपालिकाको मिति ................................ मा प्रकाशित सूचनाअनुसार यस समूह/संघ/संस्था/फर्मले नगरपालिकाको सहयोगमा चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि सूचनामा तोकिएका कागजातहरु संलग्न राखि अनुसूची ३ बमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरिएकोछ ।
चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ र अन्य प्रचलित कानुन बमोजिमका शर्त/बन्देजहरु पालना गर्न यो समूह/संस्था/फर्म मन्जुर छौं ।

भवदीय
.......................
अध्यक्ष/निवेदक
नाम,थरः...........................
संस्था/समूह/फर्मको नाम, ठेगाना
संस्था/समूह/फर्मको छाप
सम्पर्क नंः

**अनुसूची - ३**
**(दफा ७ सँग सम्बन्धित)**

**निवेदनसाथ पेश गर्नुपर्ने कागजात**

१) अनुसूची २ बमोजिमको निवेदन ।

२) माग निवेदनको साथमा फर्म वा संस्थाका हकमा प्रचलित कानुनबमोजिम दर्ता नविकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति ।

३) संस्थाको हकमा कार्यसमितिको वैठकले चक्लाबन्दी कार्यक्रम संचालनका लागि माग गरेको निर्णयको प्रमाणित प्रतिलिपी ।

४) चक्लाबन्दी कार्यक्रम संचालन गर्न विभिन्न व्यक्तिहरुको समूहको हकमा कम्तीमा ५ वर्षको कार्यक्रम संचालनको प्रतिवद्धतापत्र, संयुक्त रुपमा कार्य गर्ने लिखित निर्णय र आवेदकहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

५) कार्यक्रम संचालनका लागि दफा ५ बमोजिमको जग्गाको क्षेत्रफल सहितको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ।

६) जग्गाधनी प्रमाणपत्र नभएको अवस्थामा सम्बन्धित व्यक्तिले भोगचलन गर्दै आएको सम्बन्धित वडा कार्यालयबाट प्रमाणित आधिकारिक प्रमाणपत्रको प्रतिलिपी ।

७) भौतिक निर्माण कार्यको लागत अनुमान तथा डिजाइन ।

८) नगरपालिकाले तोकेको ढाँचामा तयार गरिएको अनुसुची अनुसारको प्राविधिक र आर्थिक प्रस्ताव तथा संक्षिप्त व्यवसायिक कार्ययोजना ।

९) चक्लाबन्दी कार्यक्रम संचालन गर्ने जग्गाको कित्ता खुलेको नक्शा र जग्गाको फोटो ।

# अनुसूची - ४
## दफा ७ को खण्ड (क) सँग सम्बन्धित
## सहमति पत्रको नमूना

लिखितम हामी व्यक्ति/फर्म/समूह/संस्था ...................................... को आगे तिलोत्तमा नगरपालिकाको मिति .....................मा प्रकाशित सूचना अनुसार हामी व्यक्ति/फर्म/समूह/संस्था................................ले नगरपालिकाको सहयोगमा चक्लाबन्दी कार्यक्रम संचालनका लागि जारी भएको चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम कार्यविधि २०७७ को अधिनमा रही प्रचलित कानून नियम बमोजिम चक्लाबन्दी कार्यक्रमको लागि एकआपसमा तपशिल बमोजिमका शर्त सहमतीमा कार्य गर्न मन्जुर छौं भनि यो सहमती पत्र लेखी लेखाई हामीहरुको मनोमानी राजिखुसिका साथ हस्ते सहीछाप दस्तखत गरेको ठिक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाँउला भनी तपशिलको साक्षि रोहबरमा यो सहमती पत्र तयार गरि लियौं दियौं ।

**तपशिलः**

शर्त/सहमतीहरु

१.

२.

३.

साक्षिहरुः

१.

२.

रोहवरमा

१.

२.

इति संवत २०........साल ....महिना ...गते रोज...... शुभम् ।

**अनुसूची - ५**
**(दफा ७ को खण्ड (छ) सँग सम्बन्धित)**

श्री तिलोत्तमा नगरपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही ।

विषयः सिफारिस गरिएको सम्बन्धमा ।

नगरपालिका कार्यालयको मिति ..........................को प्रकाशित सूचना अनुसार ................................समूह/संघ/संस्था ले तिलोत्तमा नगरपालिकाको वडा नं. ................को विघा............कठ्ठा..........धुर क्षेत्रफलमा चक्लबन्दी कार्यक्रम संचालनका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

दस्तखत
नामः
पदः
मितिः

**अनुसूची - ६**

**दफा १२ को उपदफा (१) सँग सम्बन्धित**

**<u>चक्लाबन्दी कार्यक्रम संचालनको सम्झौता पत्रको नमूना</u>**

तिलोत्तमा नगरपालिका, रुपन्देहीको आर्थिक वर्ष ................ को स्वीकृत कार्यक्रम अनुसार चक्लाबन्दी कार्यक्रम संचालन गर्न तिलोत्तमा नगरपालिका (यस पछि प्रथम पक्ष भनिने) र श्री ............................................ (यस पछि दोश्रो पक्ष भनिने) विच तपशिल बमोजिमका शर्तहरु पालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

**तपशिलः**

१. यो सम्झौता भएको मितिबाट लागू हुनेछ ।

२. दोश्रो पक्षले चार किल्ला भित्रको चक्लाबन्दी स्थलको नापी नक्शा संकलन गरी आधार नक्शा तयार गर्नुपर्नेछ । यस कार्यमा प्रथम पक्षबाट आवश्यक प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

३. दोश्रो पक्षले आधार नक्शामा योजनाको रुपरेखा तयार गरि ब्लकको डिजाइन गर्ने, प्रत्येक ब्लकमा पानी, बाटो, बिजुलीको व्यवस्था मिलाउने, यन्त्र उपकरणको प्रयोग गरी जग्गालाई समथल बनाउने सम्बन्धी कार्य गर्नुपर्नेछ ।

४. दोश्रो पक्षले चक्लाबन्दी गर्नु पूर्व र चक्लाबन्दी गरिसेकपछि ब्लक क्षेत्रको फोटो समावेश गर्नुपर्नेछ ।

५. दोश्रो पक्षले चक्लाबन्दी कार्यक्रम संचालन भएको क्षेत्रको तोकिएको अवधि सम्म जग्गा वेचविखन प्रयोजनको लागि कित्ताकाट गर्न पाईने छैन ।

६. दोश्रो पक्षले खेतीयोग्य भूमिको जगेर्ना गर्ने र अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने सुनिश्चित गर्नुपर्नेछ ।

७. चक्लाबन्दी कार्यक्रम संचालन गरिएको जमिनमा दोश्रो पक्षले एक वर्षमा कम्तीमा दुइ बाली खेती गरेको हुनुपर्नेछ ।

८. दोश्रो पक्षले सम्झौता भएको मितिले १५ दिन भित्र चक्लाबन्दी सम्बन्धी कार्य शुरु गरिसक्नु पर्नेछ । यस अवधिमा कार्य प्रारम्भ नभएमा सम्झौता रद्द गरिनेछ ।

९. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ । उक्त सुझाव दोश्रो पक्षले पालना गर्नुपर्नेछ । प्रथम पक्षले दिएका सुझाव दोश्रो पक्षले पालना नगरेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यस पछि पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा संझौता भङ्ग गर्नेछ ।

१०. दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा अन्य विवरण उल्लेख गरी सबैले देख्ने गरी अनुसूची - ४ बमोजिमको बोर्ड (सूचना पाटी) राख्नु पर्नेछ ।

११. दोश्रो पक्षले नियमित रुपमा कार्यक्रमको प्रगती विवरण प्रथम पक्षलाई उपलब्ध गराउनुपर्नेछ

१२. यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै सम्झौता बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| नाम,थरः | नाम,थरः |
| पदः | पदः |
| संस्थाको नाम र छापः | संस्थाको नाम र छापः |
| मितिः | मितिः |

**अनुसूची - ७**
**(दफा १६ सँग सम्बन्धित)**
**आयोजनाको विवरण**

१. समूह/संघ/संस्थाको नामः
ठेगानाः
जिल्लाः
नगरपालिकाः
वडा नं.
गाउँ/टोलः
२. दर्ता नं. र मितिः
३. कार्यक्रमको नामः
४. कार्यक्रम स्थलः
जिल्लाः
नगरपालिकाः
वडा नं.
गाउँ/टोलः
५.कार्यक्रम प्रारम्भ हुने मितिः
६. कार्यक्रम सम्पन्न हुने मितिः
७. कार्यक्रम स्थलको कुल क्षेत्रफल
७.१ कित्ता संख्याः
७.२ जग्गाधनीको संख्याः
८. प्रस्तावित कार्यक्रमको लागतः रु.......................
९. प्राप्त सहयोग :
९.१. नगरपालिकाबाट
९.२. प्रदेश सरकारबाट
९.३. अन्य

**आज्ञाले**
**प्रमाणीकरण मितिः २०७७/६/१** **(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**